# हेटौडा उपमहानगरपालिका

# वडा नं. ८

## बालबालिकाको वस्तुगत विवरण- २०७९

## CHILDREN PROFILE-2079

बालबालिकाको वस्तुगत विवरण- २०७९

<u>प्रकाशक</u>

हेटौडा उपमहानगरपालिका
वडा नं. ८ को कार्यालय

## विषय सूची


**खण्ड १ परिचय**......3

**११. वडाको परिचय** ......3

**१ऐतिहासिक २. पृष्ठभूमि तथा विशेषता**......3

**१३. प्रमूख व्यवसाय र रोजगारीको अवस्था**......3

**खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा** ......4

**२१. बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता** ......4

**२२. विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था**......5

२२..१ नेपालको संविधान ......5

२२..२ स्थानीय सरकार संचालन ऐन २०७४......5

२२..३ बालबालिका सम्बन्धि ऐन २०७५ ......6

२२..४ दिगो विकास लक्ष्य......6

२२..५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९ ......7

२२..६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ......7

२२..७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ......7

२२..८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२......7

२२..९ पन्ध्रौं योजना २०७६)/७७–२०८१/८२( ......8

**२बालमैत्री स्थानीय शासनको पृष्ठभूमि ३.** ......8

२३..१ बालमैत्री......8

२३..२ बालमैत्री स्थानीय शासन......8

**२बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र ४.**......9

२.४.१ बाल बचाउ......9

२.४.२ बाल संरक्षण ......9

२.४.३ बाल विकास......10

२.४.४ बाल सहभागिता......10

**२समूह सम्बन्धि विवरण बाल ५.**......10

**२.६ वडा तहको शासकीय संरचनामा बाल सहभागिता** ......10

**२.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण**......11

**२.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण**......11

**खण्ड ३ वडाको जनसंख्या**......12

**३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या**......12

**३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या**......12

**३.३ बालबालिकाको जनसंख्या**......14

**३.४ भाषाका आधारमा जनसंख्या** ......14

**३.५ जन्मदर्ता सम्बन्धि विवरण** ......15

**३.६ बाल विवाहको अवस्था**......15

३.६.१ विवाह सम्बन्धि विवरण......15

३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण ......15

३.६.३ बाल विवाह सम्बन्धि विवरण ......16

**३.७ प्रति परिवार औषत बालबालिका संख्या** ....................................................................16
**३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण** ........................................................16
**खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य**.......................................................................17
**४.१ सुरक्षित मातृत्व कार्यक्रम**....................................................................................17
**४.२ खोप लगाउने बालबालिका सम्बन्धि विवरण**..............................................................17
**४.३ बालबालिकामा पोषणको स्थिति**..............................................................................18
४.३.१ स्तनपात सम्बन्धी विवरण ....................................................................................19
४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण.......................................................19
**४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु**..............................................................19
**४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य** ................................................................19
**४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण**.................................................................................20
४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण.................................................20
४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण..........................................21
**४.७ टिडी खोप सम्बन्धी विवरण** ...................................................................................21
**४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण** .......................................................................22
**४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण** ...................................................22
**४.१० नियमित रुपमा तौल लिएको बालबालिका सम्बन्धि विवरण**..............................................23
**४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण**..............................23
**४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका** .......................................................23
**४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धि विवरण** ..........................................23
**४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था**...................................................................24
**४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण** .....................................................25
**खण्ड ५ वडाको शैक्षिक अवस्था**................................................................................28
**५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण** ...............................................................28
**५.२ शैक्षिक संस्थाहरुको विवरण**....................................................................................28
**५.३ छात्रछात्राको विवरण**.............................................................................................28
**५.४ विद्यालय पुग्न लाग्ने समय**.....................................................................................30
**५.५ विद्यालयमा खानेपानीको सुविधा**...............................................................................31
**५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था**..................................................................31
**५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण** ........................................................32
**५.८ विद्यालय भर्ना नभएका बालबालिकाको विवरण**..............................................................32
**५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण**...................................................................32
**५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण** ..............................................33
**खण्ड ६ वडामा बाल संरक्षण**.....................................................................................35
**६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण**......................................35
**६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण** ....................................................................35
**६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण**.............................................................35
**६.४ बालश्रमिक सम्बन्धी विवरण**...................................................................................37

६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण......37
६.६ सडक बालबालिकाको विवरण......37
६.७ कुलतमा लागेका बालबालिकाको विवरण......37
६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण......37
६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण......37
६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण......38
६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण......38
खण्ड ७ वडाको आर्थिक विकास......39
७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण......39
७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण......39
७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण......40
७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण......40
खण्ड ८ वडाको प्रकोप अवस्था......41
८.१ प्रकोपको विवरण......41
८.२ प्रकोपबाट भएको क्षतिको विवरण......41
८.३ बाल अपराधको विवरण......41

# खण्ड १ परिचय

## १.१ वडाको परिचय

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमति प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

वडा नम्बर ८ को क्षेत्रफल ५.७६ वर्ग कि.मी. रहेको छ। यस वडाको पुर्वमा वडा नं. ७ पश्चिम सिमानामा त्रिभुवन राजपथ (वडा नं. ९), उत्तरी सिमानामा कर्रा खोला (वडा नं. ४ र ५) र दक्षिण तर्फ वडा नं. १५ अवस्थित छ। यस वडा भित्र H.I.D. (Hetauda Industrial District ) रहेको छ जसमा १९० भन्दा बढि उद्योगधन्दाहरु संचालनमा रहेको छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्या १,९३,५७६ (९५,६७८ पुरुष र  ९७,८९८ महिला) रहेको छ। वडा नम्बर ८ मा घरधुरी तथ्याङ्क संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ३,२७४ रहेको छ जस्मा १,६९१ बालक र १,५८३ बालिका रहेका छन्।

## १.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

साविकको वडा नम्बर ८ नै अहिलेको ८ नम्बर वडा कायम रहेको यस वडाको मुख्य बस्तिहरुमा कमाने, बहादुरगन्ज, मैदाटोल, फारलाईन, कर्णावती, राजपानी, देवनगर, किरण चोक, ओमनगर, मनकामना टोल, कालिका टोल, नमूना मेनरोड, श्रृजना चोक र नवदुर्गा विकास टोल हुन भने उत्तरतिरबाट कर्रा खोलाले सिमाना छुट्ट्याएको छ। यस वडामा नेपालकै दोस्रो ठुलो औंद्योगितक क्षेत्र रहेको छ।

## १.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था

यस वडामा सेवा-नोकरीको क्षेत्रमा सबैभन्दा धेरै परिवारहरु आवद्ध रहेका छन् अर्थात ३५% परिवार सेवा नोकरीमा छन् भने २३% व्यापार-व्यवसायमा संलग्न छन्। कृषि र पशुपालन गर्नेहरु ७ प्रतिशत र ज्याला मजदुरी गर्नेहरु १६ प्रतिशत छन्। यस वडाबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ७१० रहेको छ र ती मध्ये २५.२ प्रतिशत महिला छन्। उनीहरुबाट प्राप्त विप्रेषणबाट १४% परिवारको जीविकोपार्जन धानिएको छ।

# खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा

## २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

- उमेर, परिपक्कता, पारिवारिक स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरूले पाएका अवसरहरूको आधारमा बालबालिकाको परिभाषा गर्न सकिन्छ। तर बालबालिका सम्बन्धी ऐन २०७५ को अनुसार "बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ती सम्झनु पर्छ।"
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ।
- अन्तराष्ट्रिय महासंन्धी १९८९ का अनुसार कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेको १८ बर्ष भन्दा कम उमेरका सबै बालक वा बालिका हुन।
- नेपालको बाल श्रम निषेध र नियमन गर्ने ऐन २०५६ ले ए १४ बर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूषमा काममा लगाउनु हुदैन भनी १४ बर्षलाई बालबालिकाको उमरे समूहको रूपमा चित्रण गरेको छ।

यसरी भिन्न भिन्न परिवेशमा भिन्न भिन्न उमेर समूहलाई आधार मानि बालबालकाको परिभाषा गर्न खोजिएको पाईन्छ तर बालमैत्री स्थानीय शासनको सन्दर्भमा बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ।

बालमैत्री स्थानीय शासनको आवश्यकता निम्नानुसार छन्:

- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरूको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न
- बालबालिका विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरूको जीवनस्तरमा सुधार गर्न
- बालबालिकाले आफ्नोलागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न
- बालबालिकाहरूमा आत्मबल र विश्वासको विकास भई वयस्क प्रति सम्मानको भावना जागृत पार्न
- बालबालिकाहरू आफ्नो अधिकार प्राप्त गरी कर्त्यव्य प्रति पनि जिममेवारी बोध गर्न
- बाल संजालहरुको विकास, बाल सहभागिताको विकास र गाउँ समाजको नाम राख्न
- बालबालिकाको उज्जवल भविष्य निमणि गर्न
- परिवार र स्थानीय निकायहरुमा बालबालिका प्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न
- बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्या प्रति सरोकारवालाहरुलाई जिम्मेवार बनाउन
- बालबालिकालाई सुरक्षित रूपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन
- निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरूको आवाज सुनुवाई गर्न
- बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न
- आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरूले बोलेका कुराहरू निर्णयकर्तालाई बुझाउन सक्ने सकने अवसरको श्रृजना गर्नु
- बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरूबाट संरक्षण गर्न

- देशको लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्ने।

## २.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था

### २.२.१ नेपालको संविधान

नेपालको संविधान, २०७२ को मौलिक हक अन्तर्गत ३९ नं. बुँदामा बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। जसमा निम्न कुराहरु उल्लेख गरिएको छः

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुन सुकै स्थान र अवस्थामा शारीरिक, मानस्रिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल नयायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासंग अनुकुल हुनेगरी गर्नु पर्ने र सबै प्रकृयामा बालालिका लगायतका अन्तर सम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ।

### २.२.२ स्थानीय सरकार संचालन ऐन २०७४

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न प्रावधानहरु रहेका छन्। यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न ऐनको दफा ११(ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ/नगरपालिकाको रहेको छ। शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा

व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत गाउँ/नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ। यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ।

ऐनको दफा १२ उपदफा २ खण्ड (१) को ग ले बालमैत्री स्थानीय शासन प्रवद्र्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ। बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लब तथा बालसञ्जालको संचालन र व्यवस्थापन, वडाततहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाई बि.सि.जि, पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तर विद्यालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम घटना दर्ता सम्बन्धी जनचेतना कार्यहरु समेत वडाको जिम्मेवारीमा रहेका छन्। यस्तै महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, सडक बालाबलिकाको उद्धार र पुर्नस्थापना गर्ने गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्धनात्मक कार्यहरु गर्न, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ।

### २.२.३ बालबालिका सम्बन्धि ऐन २०७५

प्रत्येक बालक जन्मे पछि निजको बाबु भए बाबुले बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृती र चलन अनुसार बालकको नाम राखिदिनु पर्दछ। बालकको बाबु, आमा वा परिवारको अन्य कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखि दिनु पर्ने व्यवस्था ऐनमा उल्लेख छ। साथै बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुका अतिरिक्त नीजको शिक्षा, स्वास्थ्य उपचार, खेलकुद तथा मनोरन्जनको सुविधाहरूको व्यवस्था गर्नु पर्दछ भनि ऐनमा उल्लेख छ।

### २.२.४ दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसंघको पहलमा सन् २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकास लक्ष्यहरु हुन् जसमा १७ वटा मूल लक्ष्य तथा १६९ परिमाणत्मक लक्ष्यहरु तोकिएका छन्। पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत "सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जबरजस्ति गरिने विवाह र महिलाको योनि छेदन को उन्मूलन" मा बाल विवाहलाई २४.५ प्रतिशत बाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ।

दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन्। जसमध्ये महत्वपूर्ण लक्ष्यहरुमा लक्ष्य ४: सबैका

लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरुको सशक्तीकरण गर्ने र लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने विषयहरु रहेका छन्। सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ।

### २.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९

बाल आधिकार महासन्धी १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न गैर विभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिन विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता ४ क्षेत्रहरुमा केन्द्रित हुँदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ।

### २.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तत्कालिन समयमा स्थानीय निकायलाई बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न दिशा निर्देश गर्ने उद्देश्यले ल्याईएको थियो। यस कार्यविधिले बालमैत्री स्थानीय शासनको प्रवर्द्धनकोलागि संस्थागत संरचनाको व्यवस्था, कार्य जिम्मेवारी, अनुगमन मूल्याङ्कन सम्बन्धि व्यवस्था, कोषको व्यवस्थाका साथै बालमैत्री गाउँ विकास समिति तथा बालमैत्री नगरपालिका घोषणाकालागि पुरा गर्नु पर्ने ३६ वटा सूचकहरुको व्यवस्था गरेको थियो।

### २.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८

बालमैत्री स्थानीय शासन बाल अधिकारका सवाललाई स्थानीय शासन पद्धतिमा मूलप्रवाहीकरण गरी बाल अधिकारका सम्बन्धमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा ल्याउने प्रणाली हो। नेपाल सरकारले बि. स. २०६८ सालमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि लागू गरी यस अवधारणालाई ठोस स्वरुप प्रदान गरिसकेको छ। त्यस्तैगरी बि. स. २०७८ मा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका जारी गरिसकेको छ। यस निर्देशिकाले बालबालिकाको अर्थपूर्ण सहभागिताको आधारमा उचित नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था साथसाथै बाल केन्द्रित लगानी तथा विकास योजनाको कार्यन्वयन गरी बालमैत्री घोषणाको परिकल्पना गरेको छ र घोषणा गर्ने निश्चित प्रक्रिया समेत तोकेको छ।

### २.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२

नेपाल सरकारले बाल विवाह अन्त्यकालागि राष्ट्रिय नीति २०६९ र राष्ट्रिय रणनीति २०७२ जारी गरिसकेको छ। सारमा उक्त नीति र रणनीतिले बाल विवाहलाई बालबालिकाको हकअधिकारको प्रचलनकालागि बाधकको रुपमा पहिचान गरेको छ। त्यसकारण बाल विवाह रोक्नकोलागि सरकार र साझेदार संघसंस्थाहरुको सहकार्यमा स्थानीय समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कार्वाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यकालागि स्थानीय तहलाई थप जिम्मेवारी दिईने कुरा उल्लेख गरिएको छ। यसैगरी स्थानीय स्तर

सम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

### २.२.९ पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२)

पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२) मा बालअधिकार सुनिश्चित भएको बालमैत्री समाजको सोचमा आधारित रही बालबालिका तथा किशोर किशोरीलाई सबै प्रकारको हिँसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागकिकको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। उक्त लक्ष्य प्राप्त गर्न बालबालिका तथा किशोर किशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सृजना गर्ने, बालबालिका तथा किशोर किशोरीविरुद्ध हुने शारीरिक मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्धेश्य राखिएको छ।

बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने, असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा बेवारिसे बालबालिका तथा किशोर किशोरलाई राज्यबाट संरक्षण र संवर्द्धन गर्ने, विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने, राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने र विद्यमान बालगृहको संस्थागत आवसीय संरक्षणलाई निरुत्साहित तथा निसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य बैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने रणनीति पन्ध्रौं योजनामा उल्लेख गरिएको छ।

## २.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि

### २.३.१ बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रिपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्थात बालबालिकालाई मन पर्ने, उनीहरुलाई सहज, रमाईला र सुरक्षित लाग्ने तथा बाल अधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ जस्तै विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी जस्तै व्यवहार गर्नु, घरमा अभिभावकले आफ्ना बालबालिकालाई अशल व्यवहार गर्नु आदि। त्यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा र धर्म आदिको आधारमा भेदभाव नगर्नु र बालबालिकासंग सम्बन्धित विषयमा बालबालिकाको विचारहरु सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्रि भनिन्छ।

### २.३.२ बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो। नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको पन्ध्रौ योजना (२०७६/७७—२०८०/०८१) लगायत अन्य कानून, नीति तथा

कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ। स्थानीय सरकारको रुपमा रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन्। यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तरनिहित गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित भए अनुसार बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बालसहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ।

कुनै पनि स्थानीय तहले बालबालिकाको आधारभूत अधिकार बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई स्थानीय तहको नीति, संरचना र प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी शासकीय पद्धतिको विकास गर्छ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका र कार्यान्वयन कार्यविधिहरुमा उल्लेखित सूचक तथा मापदण्ड पूरा गर्नकालागि प्रतिवद्धताका साथ कार्य गर्दछ भने उक्त स्थानीय तह बालमैत्री स्थानीय शासन उन्मुख भएको सम्झनु पर्दछ। निर्देशिका र कार्यविधिहरुमा तोके बमोजिमको बालमैत्री स्थानीय शासनको सूचकहरुमा नतिजा प्राप्त गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय तहको रुपमा लिन सकिन्छ।

### २.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित बाल बचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ६, बाल सहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचकहरु र १५ वटा संस्थागत सूचकहरु गरी जम्मा ५१ वटा सूचकहरुले तोके बमोजिम न्यूनतम उपलब्धी हाँसिल गर्ने कार्यभार बालमैत्री स्थानीय शासन गाँउ र वडा समिति, गाँउपालिका र सरोकारवालहरुको हो।

#### २.४.१ बाल बचाउ

बालबालिकालाई पोषणयुक्त खाना, आवास, लत्ता कपडा, औंषधी, तोकिएको खोपहरु, स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार र स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने अधिकार, खेदकुद, मनोरञ्जन एवम् सांस्कृतिक अधिकार बालबालिकाको बांच्न पाउने अधिकार अन्तर्गत पर्दछन्।

#### २.४.२ बाल संरक्षण

बाल संरक्षण अन्तर्गत बालबालिकाको नाम र जन्म दर्ता, आफू विरुद्ध हुने सबै प्रकारको हिँसा, दुर्व्यवहार, बेचविखन, ओसारपासर, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्तापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई सुनिश्चित भविश्यकोलागि स्थानीय तहबाट गरिने विशेष संरक्षण, बालबालिकालाई नीजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहार विरुद्ध संरक्षण जस्ता विषयहरु पर्दछन्।

### २.४.३ बाल विकास

बाल विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास सहितको व्यक्तित्व विकासकालागि शिक्षा, संरक्षकत्व प्राप्त गर्ने जस्ता अधिकारलाई सम्झनु पर्दछ। बालबालिकासंग सम्बन्धित विषयगत क्षेत्रहरु जस्तै सार्वजनिक, भौतिक सुविधाहरु, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जन स्थल, सडकपेटी र जेब्राक्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने विषयहरु पनि बाल विकासका अधिकार भित्र पर्दछन्। स्थानीय आवश्यकता र सम्भावनाको आधारमा बाल प्रतिभा उजागर हुन् गरी संचालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरु बाल विकासका क्षेत्रभित्र पर्दछन्।

### २.४.४ बाल सहभागिता

बालबालिकाको सरोकारको विषय र उनीहरुको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नीतिहरुको निर्माण तथा निर्णय प्रकृयामा बालबालिकाको विचार सुनवाई गर्ने र उनीहरुको विचारको कदर गर्ने, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनको हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, कुनै पनि विषयमा जानकारी राख्न र अभिव्यक्त गर्न पाउने, रचनात्मक कार्य गर्न तथा संघसंस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरु बाल सहभागिताका अधिकारहरु हुन। बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागि गराउंदै सिक्ने, अनुभव गर्ने र अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसाथ गर्दै आफूलाई परिपक्क र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो।

## २.५ बाल समूह सम्बन्धि विवरण

यस वडाको रहेको विभिन्न बाल समूहहरु, तिनिहरुको ठेगाना र सहभागि बालबालिकाहरुको विवरण तपशिल अनुसारको रहेको छः

| क्र.सं. | बाल समूहको विवरण | बालिका | बालक | अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा आधारित बालसमूह | ५८ | ४२ | - | १०० |
| २ | समुदायमा आधारित बालसमूह | २१३ | २१२ | १ (बालक) | ४२५ |
| | **जम्मा :** | **२७१** | **२५४** | | **५२५** |

**(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला तथा बालबालिका महाशाखा तथा बालमैत्री शाखा)**

## २.६ वडा तहको शासकीय संरचनामा बाल सहभागिता

यस वडाको शासकीय संरचनामा बाल सहभागिता विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | शासकीय संरचनामा | बालक | बालिका | वडाको जम्मा |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बालअधिकार समिति | १ | १ | २ |
| ३ | विद्यालय व्यवस्थापन समिति | १ | १ | २ |
| ४ | स्वास्थ्य व्यवस्थापन समिति | १ | १ | २ |
| ५ | बाल समूह २१ -ओटामा | २५४ | २७१ | ५२५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | वडा बाल समूह संजाल | १३ | १२ | २५ |

**(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला तथा बालबालिका महाशाखा तथा बालमैत्री शाखा)**

## २.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण

यस वडाको बालमैत्री स्थानीय शासन वडा समितिको विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | नाम थर | पद | प्रतिनिधित्व गरेको निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | राम कृष्ण थापा | अध्यक्ष | वडा अध्यक्ष | |
| २ | मञ्जु भुर्तेल | सदस्य | कायपालिका सदस्य | |
| ३ | गोरखनाथ राय | सदस्य | वडा सदस्य | |
| ४ | राजु मुक्तान | सदस्य | वडा सदस्य | |
| ५ | रिता साकी | सदस्य | वडा सदस्य तथा बालमैत्रि सम्पर्क व्यक्ति | |
| ६ | जिधराज ढकाल | सदस्य | प्र.अ, श्री चन्द्रोदय मा.वि | |
| ७ | प्रतिभा डंगोल | सदस्य | प्र.अ ,श्री कमाने एकेडेमी | |
| ८ | रामशरण रिजाल | सदस्य | प्र.अ ,श्री माउन्ट एभरेष्ट इङ्लिस बोर्डिङ | |
| ९ | रमेश कुमार पौडेल | सदस्य | वि.व्य.स.,श्री हिमगंगा आधारभुत विद्यालय | |
| १० | विष्णु प्रधान | सदस्य | अ.न.मी.कमाने शहरी स्वास्थ्य केन्द | |
| ११ | बबी थापा | सदस्य | महिला स्वयमसेविका | |
| १२ | विष्णु प्रसाद अर्जेल | सदस्य | टोल विकास समन्वय समिती | |
| १३ | सुप्रिया मोक्तान | सदस्य | चन्द्रोदय बाल समुह | |
| १४ | राउल भण्डारी | सदस्य | माउण्ट एभरेष्ट बाल समुह | |
| १५ | भगवति रिमाल | सदस्य सचिव | वडा सचिव | |

**(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला तथा बालबालिका महाशाखा तथा बालमैत्री शाखा)**

## २.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण


बालमैत्री स्थानीय शासनको सूचकहरुमा बालभेला र बजेट विनियोजनको सूचक पनि समावेश रहेको छ जस अनुसार स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाँउ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ भन्ने रहेको छ जस्को कार्यान्वयन सत प्रतिशत हुनु पर्दछ।

यसै सन्दर्भमा यस हेटौँडा उपमहानगरपालिकाले अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नकोलागि आर्थिक बर्ष २०८०/०८१ को योजना तर्जुमाको चरणमा नगर स्तरको बाल भेलाको आयोजना गरेको छ।

# खण्ड ३ वडाको जनसंख्या

## ३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या

हेटौँडा उपमहानगरपालिकाको वडा नम्बर ८ मा रहेको जम्मा २,४५२ घरपरिवारमा मात्र बालबालिकाको उपश्थिति रहेको छ। उक्त घरपरिवार मध्ये १,०२८ महिला घरमुली र १,४२४ पुरुष घरमुली रहेको छ। साथै लिङ्गको आधारमा घरमुली प्रतिशत निम्नानुसार रहेको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा महिला घरमुली ४१.९ प्रतिशत र पुरुष घरमुली ५८.१ प्रतिशत रहेको छ। महिला भन्दा पुरुष घरमुली संख्या धेरै रहेको छ।

## ३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

यस वडाको कूल ११,४८३ जनसंख्या मध्ये ५,७५८ महिला र ५,७२५ पुरुष रहेको छन्। उक्त जनसंख्यालाई प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

राष्ट्रिय तथ्याङ्कमा जस्तै पुरुषको तुलनामा महिलाको जनसंख्या धेरै रहेको छ र प्रतिशतमा राष्ट्रिय तथ्याङ्कसंग मिलेको छ। महिलाको ५०.१ प्रतिशत र पुरुषको ४९.९ प्रतिशत रहेको छ।

उमेर समूहको आधारमा ३१-४० उमेर समूहको सबैभन्दा बढि जनसंख्या (२,२०८) रहेको छ भने दोस्रोमा १९-२५ उमेर समूह रहेको छ (१,५२३)। उमेर समूह अनुसार यस वडाको जनसंख्या विवरण (संख्या र प्रतिशत) निम्न रहेको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | महिला जनसंख्या | पुरुष जनसंख्या | वडाको संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | ०.८०% | ०.८४% | ९२ | ९७ | १८९ |
| २ | १ देखि २ वर्ष | ०.५९% | ०.८८% | ६८ | १०१ | १६९ |
| ३ | ३ देखि ५ वर्ष | १.९४% | २.३५% | २२३ | २७० | ४९३ |
| ४ | ६ देखि १० वर्ष | ३.७७% | ४.४४% | ४३३ | ५१० | ९४३ |
| ५ | ११ देखि १८ वर्ष | ६.६८% | ६.२१% | ७६७ | ७१३ | १४८० |
| ६ | १९ देखि २५ वर्ष | ७.०५% | ६.२१% | ८१० | ७१३ | १५२३ |
| ७ | २६ देखि ३० वर्ष | ५.३२% | ४.७९% | ६११ | ५५० | ११६१ |
| ८ | ३१ देखि ४० वर्ष | ९.७४% | ९.४९% | १११८ | १०९० | २२०८ |
| ९ | ४१ देखि ५० वर्ष | ५.६०% | ६.२३% | ६४३ | ७१५ | १३५८ |
| १० | ५१ देखि ६० वर्ष | ४.३९% | ४.०८% | ५०४ | ४६९ | ९७३ |
| ११ | ६१ देखि ७० वर्ष | २.४६% | २.७४% | २८३ | ३१५ | ५९८ |
| १२ | ७१ देखि ८० वर्ष | १.१८% | १.०५% | १३६ | १२१ | २५७ |
| १३ | ८१ देखि ९० वर्ष | ०.५४% | ०.४५% | ६२ | ५२ | ११४ |
| १४ | ९१ देखि १०० वर्ष | ०.०६% | ०.०८% | ७ | ९ | १६ |
| १५ | १०० वर्ष भन्दा माथिका | ०.०१% | ०.००% | १ | ० | १ |
| | **जम्मा :** | **५०.१%** | **४९.९%** | **५,७५८** | **५,७२५** | **११,४८३** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा १०० वर्ष माथिको उमेर पुगेको व्यक्ति १ जना महिला रहेको छ अर्थात यो समूह सबैभन्दा कम जनसंख्या भएको उमेर समूह हो भने ९१ देखि १०० वर्ष समूहमा १६ जना मात्र छन् जस्मा महिला ७ जना छन्। यस वडामा लैंङ्गिक तथा अल्पसंख्यकको उपश्थिति भएको पाईएन।

घरपरिवारको जातिगत विवरण हेर्दा यस वडामा सबैभन्दा धैरै जनसंख्या ब्राहमण/क्षेत्री जातिको परिवारको १,४२८ (५८.२%) बसोवास रहेको छ। दोस्रोमा जनजातिको परिवार ८९१ (३६.३%) को बसोवास रहेको छ। अन्य जातिका परिवार विवरण सहित विस्तृत तलको तालिकामा उल्लेख गरिएको छः

| क्रस | जात/जातिका परिवार | परिवार प्रतिशत | परिवार संख्या |
|---|---|---|---|
| १ | ब्राहमण/क्षेत्री | ५८.२% | १४२८ |
| २ | जनजाति | ३६.३% | ८९१ |
| ३ | दलित | ४.0% | ९९ |
| ४ | मधेसी | १.४% | ३४ |
| | | **जम्मा:** | **२४५२** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.३ बालबालिकाको जनसंख्या

यस वडाको कूल बालबालिकाको संख्या ३,२७४ मध्ये १,५८३ बालिका र १,६९१ बालक रहेको छन्। उक्त जनसंख्याको आधारमा ४८.३५ प्रतिशत बालिका र ५१.६५ प्रतिशत बालकको जनसंख्या रहेको छ। तुलनात्मक रुपमा बालकको संख्या बालिकाको भन्दा बढि छ। उमेरगत बालबालिकाको जनसंख्या सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | बालिका संख्या | बालक संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | ०.८०% | ०.८४% | ९२ | ९७ | १८९ |
| २ | १ देखि २ वर्ष | ०.५९% | ०.८८% | ६८ | १०१ | १६९ |
| ३ | ३ देखि ५ वर्ष | १.९४% | २.३५% | २२३ | २७० | ४९३ |
| ४ | ६ देखि १० वर्ष | ३.७७% | ४.४४% | ४३३ | ५१० | ९४३ |
| ५ | ११ देखि १८ वर्ष | ६.६८% | ६.२१% | ७६७ | ७१३ | १४८० |
| **जम्मा :** | | | | **१,५८३** | **१,६९१** | **३,२७४** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडाको कूल महिला पुरुष जनसंख्याको आधारमा १३.७९ प्रतिशत बालिका र १४.७३ प्रतिशत बालकको जनसंख्या रहेको छ। यस वडामा ११ देखी १८ वर्ष उमेर समूहका बालबालिकाको संख्या अन्य उमेर समूह भन्दा धेरै छन् र यस उमेर समूहमा बालिकाको संख्या बालकको भन्दा बढि रहेको छ।

### ३.४ भाषाका आधारमा जनसंख्या

भाषाको आधारमा हेर्दा यस वडामा सबैभन्दा धेरै जनसंख्या नेपाली १८९९ (७७.४%) भाषा बोल्दछन् त्यसपछि नेवारी ३२८ (१३.४%) भाषी रहेका छन्। भाषाको आधारमा जनसंख्या तलको तालिकामा उल्लेख गरिएको छः

| SN | भाषाहरु | भाषा प्रतिशत | भाषा संख्या |
|---|---|---|---|
| 1 | नेपाली | ७७.४% | १८९९ |
| 2 | तमाङ | १३.४% | ३२८ |
| 3 | चेपांग | ०.२% | ४ |
| 4 | गुरुङ | ०.६% | १४ |
| 5 | मगर | १.३% | ३३ |
| 6 | नेवारी | ४.६% | ११३ |
| 7 | भोजपुरी | १.५% | ३८ |
| 8 | मैथली | ०.४% | ११ |
| 9 | हिन्दी | ०.१% | २ |
| 10 | शेर्पा | ०.०% | ० |
| 11 | राई | ०.२% | ६ |
| 12 | लिम्बु | ०.०% | ० |
| 13 | मुस्लिम | ०.२% | ४ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.५ जन्मदर्ता सम्बन्धि विवरण

बालबालिकाको संख्यालाई विश्लेषण गर्दा ५ वर्ष मुनिका बालबालिकाहरु मध्ये ७६.३५ प्रतिशतको मात्र जन्मदर्ता भएको देखिन्छ भने जन्मदर्ता नभएको बालबालिकाहरुको प्रतिशत २३.६५ रहेको छ। जन्मदर्ता सम्बन्धि थप विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

| ५ वर्ष मुनिका बालबालिकाको | बालिका (%) | बालक (%) | जम्मा (प्रतिशतमा) |
|---|---|---|---|
| जन्म दर्ता गरेको | ३७.१९% | ३९.१६% | ७६.३५ |
| जन्म दर्ता नगरेको | ११.३०% | १२.३५% | २३.६५ |
| जम्मा | ४८.४९% | ५१.५१% | १०० |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडाका जन्म दर्ता भएका ५ वर्ष मुनिका बालबालिकाहरुको प्रतिशत हेर्दा बालिकाको तुलनामा बालकको जन्मदर्ता धैरै भएको देखिन्छ।

### ३.६ बाल विवाहको अवस्था

#### ३.६.१ विवाह सम्बन्धि विवरण

यस वडामा विगत ३ वर्ष भित्र विवाह भएको संख्या २२९ रहेको छ जस्मा महिलाको विवाह भएको परिवार ७१ र पुरुषको भएको परिवार १५८ भएको छ। विवाह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | परिवारमा विवाह भएको लिङ्ग | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | महिला | ३१% | ७१ |
| २ | पुरुष | ६९% | १५८ |
| ३ | लैंङ्गिक अल्पसंख्यक | ०% | ० |
| | जम्मा परिवार: | १००% | २२९ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

#### ३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण

२२९ जनाको विवाह गर्दाको उमेरलाई विश्लेषण गर्दा २६-३० वर्ष उमेर समूहका ९९ जना (२१ महिला र ७८ पुरुष) को विवाह भएको छ जुन सबैभन्दा धैरै विवाह भएको उमेर समूह हो। १६-१८ वर्षका १६ जना (११ महिला र ५ पुरुष) को विवाह भएको छ भने १९- २० वर्षका पनि १६ जना (८ महिला र ८ पुरुष) को विवाह भएको छ। ४६-५० वर्ष उमेर समूहका १ पुरुषको विवाह भएको देखिन्छ। विवाह सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | लिङ्ग | बिगत ३ वर्ष भित्र यस परिवारमा बिवाहितको उमेर | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १६ देखि १८ वर्ष | १९ देखि २० वर्ष | २१ देखि २५ वर्ष | २६ देखि ३० वर्ष | ३१ देखि ३५ वर्ष | ३६ देखि ४० वर्ष | ४६ देखि ५० वर्ष | |
| १ | महिला | ११ | ८ | २९ | २१ | २ | ० | ० | ७१ |
| २ | पुरुष | ५ | ८ | ४८ | ७८ | १४ | २ | १ | १५८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | **१६** | **१६** | **७७** | **९९** | **१६** | **२** | **१** | **२२९** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.६.३ बाल विवाह सम्बन्धि विवरण


बिगत ३ वर्ष भित्रको विवाहलाई अध्ययन गर्दा २० वर्ष भन्दा मुनिका विवाहको संख्या ३२ रहेको छ। १६-१८ वर्षका ११ महिला र ५ पुरुष तथा १९-२० वर्षका ८ महिला र ८ पुरुष गरी ३२ जनाले उमेर नपुगि विवाह गरेको देखिन्छ। अर्थात यस वडामा विगत ३ वर्षमा उमेर नपुगी र बाल विवाह भएको देखिन्छ। २० वर्ष भन्दा कम उमेरमा भएको विवाहमा बालक भन्दा बालिकाको संख्या बढि पाईएको छ।

### ३.७ प्रति परिवार औषत बालबालिका संख्या

यस वडामा १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ३,२७४ रहेको छ। वडाको कूल जनसंख्याको २६.६७ प्रतिशत बालबालिका छन्। जस्मा बालिका १,५८३ (४८.३५%) र बालक १,६९१ (५१.६५%) रहेका छन्। अर्थात बालिकाको तुलनामा बालकको संख्या बढि रहेको छ। यस वडाको प्रति परिवार औषत बालबालिका संख्या १.३४ रहेको छ।

### ३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण

यस वडामा १४ बालक र ७ बालिका गरी जम्मा २१ जना अपाङ्गता भएका बालबालिका रहेका छन्। ती बालबालिकाको अपाङ्गताको प्रकार र प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


अपाङ्गता मध्ये सबैभन्दा धैरै स्वर/बोलाई सम्बन्धि अपाङ्गता (४१%) भएको बालबालिका रहेका छन् भने कम मानसिक बौद्धिक तथा दृष्टि/न्यून दृष्टि विहिन (९%) रहेका छन्। ती मध्ये बहु-अपाङ्गता ३ जनामा भेटिएको छ।

# खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य

## ४.१ सुरक्षित मातृत्व कार्यक्रम

यस वडामा रहेको सामुदायिक स्वास्थ्य संस्थाको नाम कमाने शहरी स्वास्थ्य केन्द्र हो जसले तोकिएको सुरक्षित मातृशिशु कार्यक्रम संचालन गरिरहेको छ। यहाँ वडाका गर्भवति महिलाहरु स्वास्थ्य जाँच तथा नवजात शिशुको खोप तथा स्वास्थ्य जाँचकोलागि आउने गर्दछन्।

बिगत २ वर्षमा जीवित जन्मेका शिशुहरुको संख्या २७४ रहेको छ जस्मा बालिका १२० र बालक १५४ रहेको छ। साथै १ जना लैंङ्गिक अल्पसंख्यक रहेका छ। तलको तालिकामा विगत २ वर्षमा जीवित जन्म भएका बालबालिकाको संख्यालाई प्रतिशतमा प्रस्तुत गरिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जीवित जन्म भएका शिशुहरुले पोषण प्राप्त गरेको अवस्थालाई विश्लेषण गर्दा ५३.६५ प्रतिशत शिशुहरुले जन्मिने वित्तिकै बिगौती दुध खान पाएका छन्। विविध कारण जन्मेक १ घण्टा पछि मात्र विगौति दुध खान पाएका शिशु २४.८२ प्रतिशत रहेका छन्।

यस वडाका ७ महिना देखी १ वर्ष सम्मका शिशुको संख्या २३० रहेको छ भने ६ महिना सम्म आमाको दुध मात्रै खुवाईएका शिशु १४८ (६४.७८ प्रतिशत) रहेको छ। ६ महिना सम्म आमाको दुध र अन्य खानेकुरा पनि खुवाएका शिशु शुन्य रहेको छ।

## ४.२ खोप लगाउने बालबालिका सम्बन्धि विवरण

यस वडामा बालबालिका भएको जम्मा घरपरिवार २,४५२ रहेकोमा बाल रोग तथा खोपको बारेमा जानकारी भएको घरपरिवार १,६५८ रहेका छन् अर्थात जम्मा घरपरिवारको ६७.६२ प्रतिशत घरपरिवारलाई बाल रोग तथा खोपको बारेमा जानकारी भएको पाईयो भने ७९४ (३२.३८ प्रतिशत) घरपरिवारलाई उक्त जानकारी नभएको पाईयो। उक्त जानकारीको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

एक वर्ष मुनिका बालबालिकाको संख्या १६० (८० बालिका र ८० बालक) जना छन्। विभिन्न प्रकारका खोपहरु र खोप लगाएका बालबालिकाहरुको विवरण निम्नानुसार छन्:

| बालक/बालिका | बि.सि.जी. (BCG) | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-१ | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-२ | डी.पी.टि. (DPT)/हेप.बि. हिव.-३ | दादुरा/रुबेला |
|---|---|---|---|---|---|
| बालिका | 79 | 68 | 64 | 57 | 21 |
| बालक | 76 | 60 | 57 | 52 | 22 |
| **जम्मा:** | 155 | 128 | 121 | 109 | 43 |
| **जम्मा:** | **96.88%** | **80.00%** | **75.63%** | **68.13%** | **26.88%** |

| बालक/बालिका | हेपटाईटिस वी | पी.सी. भी. | रोटा | पोलियो | एफ.आइ.पी.भी. | दादुरा/रुबेला -२ | जे.इ. |
|---|---|---|---|---|---|---|---|
| बालिका | 17 | 33 | 53 | 45 | 48 | 5 | 3 |
| बालक | 16 | 42 | 44 | 42 | 43 | 1 | 1 |
| **जम्मा:** | 33 | 75 | 97 | 87 | 91 | 6 | 4 |
| **जम्माः** | **20.63%** | **46.88%** | **60.63%** | **54.38%** | **56.88%** | **3.75%** | **2.50%** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

बि.सि.जी. खोप लगाउने बालबालिकाहरु १५५ जना अर्थात कूल एक वर्ष मुनिका बालबालिकाको ९६.८८ प्रतिशत रहेका छन् भने डी.पी.टि. (DPT)/हेप.बि. हिव.-१ खोप लगाउने बालबालिकाहरु १२८ अर्थात ८०.०० प्रतिशत रहेका छन्। त्यस्तैगरी दादुरा/रुबेलाको खोप लगाउने बालबालिकाहरु ४३ जना अर्थात २६.८८ प्रतिशत रहेका छन्।

## ४.३ बालबालिकामा पोषणको स्थिति

बालबालकाको पोषणको अवस्था सुधारको लागि यस वडामा नियमित रुपमा सुत्केरी आमाहरुकोलागि पोषण भत्ता उपलब्ध गराउनुका साथै आवश्यक सचेतनामुलक कार्यक्रमहरु निरन्तर भइरहेका छन्। बालबालिकाको पोषणको स्थिति अन्तरगत यहाँ बालबालिकाको स्तनपान र कुपोषणको बारेमा तल विश्लेषण गरिएको छ।

### ४.३.१ स्तनपात सम्बन्धी विवरण

यस वडाका १ वर्ष मुनिका शिशुको संख्या २३० रहेको छ भने ६ महिना सम्म आमाको दुध मात्रै खुवाईएका शिशु १४८ (६४.७८ प्रतिशत) रहेको छ। ६ महिना सम्म आमाको दुध र अन्य खानेकुरा पनि खुवाएका शिशु शुन्य रहेको छ। शिशुहरुले स्तनपान गर्न पाएको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

| १ वर्ष सम्मका शिशुको संख्या | ६ महिना सम्म शिशुलाई पूर्ण स्तनपान गराइएका | | ६ महिना सम्म शिशुलाई स्तनपान नगराइएका (आमाको दुध सहित थप खाना खुवाएको) |
|---|---|---|---|
| शिशुको संख्या | शिशुको संख्या | प्रतिशत | शिशुको संख्या |
| २३० | १४९ | ६४.७८ | ० |

(श्रोतः हेटौडा उपमहानगरपालिका, स्वास्थ्य महाशाखा)

### ४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण

| ५ वर्ष मुनिका जम्मा बालबालिकाका संख्या | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्या | अति कडा कुपोषण भएको बालबालिकाका संख्या | पोषण सुधारका लागि आवश्यक उपचार गराइरहेका बालबालिका संख्या |
|---|---|---|---|
| ८३३ | ० | ० | ० |

(श्रोतः हेटौडा उपमहानगरपालिका, स्वास्थ्य महाशाखा)

कुपोषणबाट प्रभावित बालबालिका भएको पाईएन।

### ४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु

यस वडामा देखा पर्ने गरेको मुख्य रोगहरुमा (रोग लागेको आधारमा मुख्य भनिएको हो) रगतमासी, विषम ज्वरो (टाईफ़ाइड्), हैजा र झाडा/वान्ता र कमल पीत (जन्डीस) रहेका छन्।


यस वडामा जम्मा ६ जना बालबालिकाहरुलाई दिर्घ रोग लागेको पाईएको छ। मुटु रोग २ जनालाई, मृगौला सम्बन्धि रोग १ जनालाई, ब्रेन ट्युमर १ जनालाई र **baal dam 2** जनालाई लागेको पाईयो।

ती रोग लागेका बालबालिकाहरु मध्ये ५ जनाको मृत्य भएको पाईएको छ जस्मा मुटु रोग, मृगौला रोग र ब्रेन ट्युमरबाट मृत्यु भएको छ।

### ४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य

यस वडाका घरपरिवारहरुको प्राथमिकताको आधारमा उपचार गराउने केन्द्रहरुमा अस्पताल (निजी/सरकारी) पहिलो स्थानमा रहेको छ। उपचारको लागि १८६८ (७६.१८ प्रतिशत) घरपरिवार अस्पतालमा जाने गर्नुहुन्छ र ४४१ (१७.९९ प्रतिशत) घरपरिवार क्लिनिक (नीजि) मा जाने गर्नुहुन्छ। त्यस्तैगरी स्थानीय स्वास्थ्य संस्था/चौकीमा जाने घरपरिवारको संख्या १११ (४.५३ प्रतिशत) र

लामा/धामी/झाँक्रीमा जाने घरपरिवारको संख्या २४ (०.९८ प्रतिशत) रहेको छ। अन्य उपचारका केन्द्र र उपचार गराउने घरपरिवारको विवरण तल प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

घर देखी उपचार केन्द्र सम्मको दुरीलाई विश्लेषण गर्दा ५७.४६ प्रतिशत घरपरिवारलाई १५ देखी ३० मिनेट सम्ममा केन्द्र पुग्न सकिने रहेछ भने ३४.५४ प्रतिशत घरपरिवारलाई १५ मिनेट भन्दा कम समय लाग्ने रहेछ। एक घण्टा र सो भन्दा बढि समय लाग्ने परिवारहरु पनि भएको पाईयो। ७.९१ प्रतिशत घरपरिवारहरुलाई एक घण्टा सम्म समय लाग्दो रहेछ भने १ घण्टा भन्दा बढि समय लाग्ने घरपरिवारहरु ०.०८ प्रतिशत रहेका छन्।

बालबालिका विरामी हुँदा तुरुन्त उपचरा गर्न सक्ने सामथ्र्य अर्थात आर्थिक अवस्था विश्लेषण गर्दा ९३.१५ प्रतिशत परिवारको अवस्था राम्रो भएको र ६.८५ प्रतिशत परिवारको अवस्था राम्रो नभएको पाईएको छ।

## ४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण

प्रसुति पूर्व र प्रसुति पश्चात गरी दुई भागमा विभाजन गर्भवती महिला, गर्भ र आमा र नवजात शिशुको स्वास्थ्य जाँचको बारेमा यहाँ विश्लेषण गरिएको छ। प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण निम्नानुसार विश्लेषण सहित उल्लेख गरिएको छ।

### ४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण


विगत १ वर्षमा यस वडाका जम्मा २२८ महिला गर्भवती भएका थिए र ती मध्ये ४ पटक भन्दा बढी गर्भ जाँच गराउने महिलाहरु पनि भएको पाईयो। ४ पटक सम्म गर्भ जाँच गराउने परिवारको संख्या १९८ रहेको पाईयो। एक पटक मात्रै गर्भ जाँच गराउने परिवारको संख्या ८ रहेको पाईयो। गर्भ जाँच नगराउने घरपरिवार संख्या १ रहेको पाईयो। त्यस्तैगरी ३ र २ पटक सम्म गर्भ जाँच गराउने महिला संख्या क्रमशः १५ र ६ रहेको पाईयो। आफ्नो गर्भको अवस्था जाँच गराउने सम्बन्धि विवरण प्रतिशतमा तल प्रस्तुत गरिएको छः

| गर्भजांचको अवस्था | प्रतिशत | संख्या |
|---|---|---|
| ४ पटक सम्म जाँच गर्ने | ८६.८४% | १९८ |
| ३ पटक सम्म जाँच गर्ने | ६.५८% | १५ |
| २ पटक सम्म जाँच गर्ने | २.६३% | ६ |
| १ पटक मात्रै जाँच गर्ने | ३.५१% | ८ |
| गर्भवती जाँच नगर्ने | ०.४४% | १ |
| **जम्माः** | **१००.००%** | **२२८** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण

प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने सम्बन्धि विवरणलाई हेर्दा गत १ वर्ष भित्र गर्भवति भएका २२८ गर्भवतीहरु मध्ये जम्मा १७७ जना गर्भवतिहरुले मात्र यसै वर्ष सुत्केरी भएको जानकारी गराएका छन्। प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण तल उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.७ टिडी खोप सम्बन्धी विवरण

गर्भवति महिलाहरुले टिडी खोप लगाउनु पर्ने हुन्छ र यस वडाका कूल गर्भवति महिलाहरुले खोप लगाएको सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | टिडी खोपको पटक | खोप लगाउने गर्भवती महिलाको प्रतिशत | खोप लगाउने गर्भवती महिलाको संख्या |
|---|---|---|---|
| १ | २ पटक सम्म लगाउने | ८९.५% | २०४ |
| २ | १ पटक मात्र लगाउने | ७.०% | १६ |
| ३ | खोप नलगाउने | ३.५% | ८ |
| **जम्मा:** | | **१००.०%** | **२२८** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा २२८ गर्भवति महिलाहरु मध्ये सबैभन्दा धैरै २ पटक (८९.५ प्रतिशत) सम्म मात्र खोप लगाएको पाईयो भने खोप नलगाउने गर्भवति महिलाहरु ८ जना (३.५ प्रतिशत) भएको पाईयो।

## ४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण

नियमित रुपमा २५० चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको संख्या १७९ र ५० सम्म प्रयोग गर्ने गर्भवतीहरुको संख्या १९ रहेको पाईयो। त्यस्तैगरी आइरन चक्की प्रयोग नगर्ने गर्भवतीहरुको संख्या ८ रहेको पाईयो। आइरन चक्की प्रयोग नगर्ने देखी २५० चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको विस्तृत विवरण प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | आइरन चक्की विवरण | आइरन चक्की प्रयोग गर्ने गर्भवति महिलाको | |
|---|---|---|---|
| | | प्रतिशत | संख्या |
| १ | २५० चक्की सम्म प्रयोग गर्ने | ७८.५% | १७९ |
| २ | २०० चक्की सम्म प्रयोग गर्ने | ४.४% | १० |
| ३ | १५० चक्की सम्म प्रयोग गर्ने | ०.०% | ० |
| ४ | १०० चक्की सम्म प्रयोग गर्ने | ५.३% | १२ |
| ५ | ५० चक्की सम्म प्रयोग गर्ने | ८.३% | १९ |
| ६ | आइरन चक्की सम्म प्रयोग नगर्ने | ३.५% | ८ |
| | जम्मा: | १००.०% | २२८ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

नियमित रुपमा पूरा २२५ चक्की सम्म प्रयोग गर्ने ७८.५ प्रतिशत गर्भवती रहेका छन्।

## ४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

गत १ वर्ष भित्र गर्भवति भएका २२८ जना गर्भवतीहरुको सुत्केरी भएको अवस्थालाई हेर्दा १५७ जना महिलाहरुले मात्र यसै वर्ष सुत्केरी गराएका थिए। उनीहरुको सुत्केरी विवरण र स्थान प्रतिशतमा तल प्रस्तुत गरिएको छः


| क्र.सं. | सुत्केरी भएको स्थान | सुत्केरी भएको (प्रतिशतमा) | सुत्केरी भएको संख्या |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्थामा | ९८.०९% | १५४ |
| २ | घरमा स्वास्थ्यकर्मीको सहयोगमा | १.२७% | २ |
| ३ | घरमा स्वास्थ्यकर्मीको सहयोग बिना | ०.६४% | १ |
| | **जम्मा:** | **१००.००%** | **१५७** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

सुत्केरी गराईएको स्थानलाई हेर्दा स्वास्थ्य संस्थामा ९८.०९ प्रतिशत, घरमा स्वास्थ्यकर्मीको सहयोगमा १.२७ प्रतिशत र घरमा स्वास्थ्यकर्मीको सहयोग बिना ०.६४ प्रतिशत सुत्केरी गराईएको थियो। घरमा स्वास्थ्यकर्मीको सहयोग बिना सुत्केरी गराउने जस्तो गम्भिर जोखिम उठाएको देखियो।

## ४.१० नियमित रुपमा तौल लिएको बालबालिका सम्बन्धि विवरण

२ वर्षसम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको अवस्थाको बारेमा जानकारी लिदां ८६.८२ प्रतिशत नियमित तौल लिने गरिएको छ भने १३.१८ प्रतिशत बालबालिकाको नियमित तौल लिने नगरिएको पाईएको छ।




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण

यस वडाका ५ वर्ष मुनिका बालबालिकाहरुलाई २ पटक भिटामिन 'ए' र जुकाको औषधि सेवन गराएको अवस्थाको विश्लेषण गर्दा ५ वर्ष मुनिका कुल बालबालिका ७२४ रहेको र ८७.७१ प्रतिशतले भिटामिन 'ए' र ७५.२८ प्रतिशतले जुकाको औषधि खुवाएको पाईएको छ। तल उल्लेखित तालिकाले विस्तृतमा उक्त विश्लेषण प्रस्तुत गरेको छः

**भिटामिन 'ए' र जुकाको औषधि खुवाएको/नखुवाएको अवस्था**

| लिङ्ग | भिटामिन 'ए' खुवाएको | | भिटामिन 'ए' नखुवाएको | | जुकाको औषधि खुवाएको | | जुकाको औषधि नखुवाएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | |
| बालिका | ८७.७७% | २८७.०० | १२.२३% | ४०.०० | ७५.८४% | २४८.०० | २४.१६% | ७९.०० | ३२७.०० |
| बालक | ८७.६६% | ३४८.०० | १२.३४% | ४९.०० | ७४.८१% | २९७.०० | २५.१९% | १००.०० | ३९७.०० |
| **जम्मा** | ८७.७१ | ६३५ | १२.२९ | ८९ | ७५.२८ | ५४५ | २४.७२ | १७९ | ७२४ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

४० जना बालिका र ४९ जना बालकलाई भिटामिन 'ए' खुवाएको पाईएन र ७९ जना बालिका र १०० जना बालकलाई जुकाको औषधि खुवाएको पाईएन।

## ४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका

यस वडाका परिवारमा एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका छैनन्।

## ४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धि विवरण

यस वडाका ९८.९४% घरपरिवारहरुले आयोडिनयुक्त नुनको प्रयोग गर्दछन् भने १.०६% ले प्रयोग गर्दैनन्। अर्थात लगभग सबै घरपरिवारमा आयोडिनयुक्त नुनको प्रयोग गरिन्छ।

### ४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था


यस वडाका कूल २,४५२ परिवार मध्ये १५१४ परिवार अर्थात ६१.७५% ले पक्कि (वाटर सिल्ड) शौचालय प्रयोग गर्दछन् भने ५६८ परिवार अर्थात २३.१६% ले कच्ची शौचालय प्रयोग गर्दछन्। यस वडामा प्रयोग भईरहेको शौचालयको प्रकार, प्रयोगकर्ताको संख्या र प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः

| घरपरिवारमा शौचालयको अवस्था | | | |
|---|---|---|---|
| **क्र. सं.** | **शौचालयको प्रकार** | **घरपरिवार (प्रतिशतमा)** | **घरपरिवार संख्या** |
| १ | कच्ची शौचालय | २३.१६% | ५६८ |
| २ | पक्कि(वाटरसिल्ड) | ६१.७५% | १५१४ |
| ३ | वायो ग्याँस जडान भएको | १४.९७% | ३६७ |
| ४ | ढलमा जडान भएको | ०.००% | ० |
| ५ | शौचालय नभएको | ०.१२% | ३ |
| | **जम्मा:** | १००.००% | २४५२ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

शौचालयमा वायोग्याँस जडान भएको परिवारको संख्या ३६७ (१४.९७%) छ भने शौचालय नै नभएको परिवारको संख्या ३ (०.१२%) भेटिएको छ।


घरपरिवारमा सरसफाईको अवस्थालाई विश्लेषण गर्दा यस वडाका ३ (०.१२) प्रतिशत घरपरिवारमा हातधुने व्यवस्था नभएको पाईएको छ तर २,४४८ (९९.८४) प्रतिशत परिवारले हातधुने व्यवस्था भएको र धुने गरेका छन्। हात धुने व्यवस्था र प्रयोगबारे तलको तालिकामा थप प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको प्रतिशतमा हातधुने व्यवस्था भएको तर कहिलेकाही मात्र हात धुने परिवार १ (०.०४%) रहेको छ।

हातधुने व्यवस्था भए पनि त्यसको व्यवहारिक प्रयोग कस्तो छ भन्नेबारे विश्लेषण गर्दा निम्नानुसारको अवस्था देखिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

विभिन्न अवस्थामा हात धुने फरक फरक व्यवहारहरु प्रचलनमा छन् र यहाँ परिवारहरुले एक भन्दा बढी व्यवहारिक प्रयोग गर्ने गरेका छन्। खाना खानु अघि हात धुने ०.४५ प्रतिशत, खाना खाए पछि हात धुने ०.०४ प्रतिशत, खाना अघि र पछि हात धुने ०.०४ प्रतिशत, शौचालय गरे-गराए पछि हात धुने ०.०८ प्रतिशत र फोहर वस्तु छोए पछी हात धुने ०.०८ प्रतिशत परिवारहरु रहेका छन्। सबै अवस्थाहरुमा हात धुने घरपरिवारहरु ९९.३१ प्रतिशत रहेका छन्।

हात धुदा के प्रयोग गर्नुहुन्छ भनेर हेर्दा प्रायः जसो घरपरिवारले (९९.९२%) साबुन पानीको प्रयोग गर्ने र १ घरपरिवारले (०.०४%) ले खरानी पानीको प्रयोग गर्ने गरेको पाईयो। त्यस्तैगरी कुनै पनि साधन प्रयोग नगर्ने पनि १ परिवार रहेको पाईयो।

## ४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण

यस वडाका कूल घरपरिवारहरु मध्ये ९९.१४% ले पाइप-धारा (घरमै भएको) प्रयोग गर्दछन् भने २१ परिवार अर्थात ०.८६% ले घरमा नभएको खानेपानीको श्रोत प्रयोग गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोत तल प्रतिशतमा उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिका अनुसार ४ (०.१६%) परिवारले ट्युबवेल प्रयोग गर्दछन् भने १७ (०.६९%) परिवारले इनार कुवा वा जरुवाको पानी प्रयोग गर्दछन्। घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोतको संख्यात्मक विवरण तल उल्लेख गरिएको छः

| घरपरिवारले प्रयोग गर्ने खानेपानीको स्रोत | | | |
|---|---|---|---|
| **क्र. सं.** | **स्रोतको नाम** | **संख्या** | **कैफियत** |
| १ | पाइप-धारा (घरमै भएको) | ९९.१४% | २४३१ |
| २ | ट्युबवेल | ०.१६% | ४ |
| ३ | इनार/कुवा/जरुवा | ०.६९% | १७ |
| ४ | नदि/कुलो/नहर/पोखरी | ०.००% | ० |
| ५ | बर्षातको पानी | ०.००% | ० |
| ६ | अन्य | ०.००% | ० |
| | **जम्मा :** | **१००%** | **२४५२** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


बहुसंख्यक वडाबासीहरुको घरमै धारा रहेको छ।

घरमै धारा भएको परिवारहरु बाहेक १०७ परिवारहरुले १५ मिनेटको दुरीबाट खानेपानी ल्याउने गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको मूख्य स्रोत सम्म लाग्ने दुरी तल उल्लेख गरिएको छः

| घरधुरीको खानेपानीको मुख्य स्रोतको दुरी | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **दुरी** | **घरधुरीबाट मूख्य स्रोत सम्मको दुरी (प्रतिशतमा)** | **घरधुरी संख्या** | **कैफियत** |
| १ | घरमै भएको | ९५.६४% | २३४५ | |
| २ | १५ मिनेट | ४.३६% | १०७ | |
| ३ | १५ देखि ३० मिनेट | ०.००% | ० | |
| ४ | ३० मिनेट भन्दा बढी | ०.००% | ० | |
| | **जम्मा :** | **१००.००%** | **२४५२** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


खानेपानी शुद्धीकरण विधिबारे वडाबासीहरुको जानकारी अनुसार श्रोतमा नै शुद्ध पानी छ भन्ने घरपरिवार ७५.१९% छन् र केही नगरी पिउने गरेका वडाबासीहरु १६.२०% रहेका छन्। खानेपानी शुद्धीकरण विधिको प्रयोगबारे थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त तालिका अनुसार सुरक्षित फिल्टर जडान भएको छ भन्ने वडाबासीहरु १४.३६% छन् र उमालेर प्रयोग गर्ने वडाबासीहरु १४.२६% छन्। कतिपय परिवारहरुले एक भन्दा बढि बिधि प्रयोग गरिरहेको पाईएको छ।

खानेपानीको कारणले विगत १ वर्षमा रोग लागेका घरपरिवारको संख्या जम्मा ३६९ रहेको पाईयो जस्मा २६१ जना रगतमासी, ७० जनालाई टाईफाइड, १६ जनालाई हैजा/झाडावान्ता, १४ जनालाई जन्डिस र ८ जनालाई जुकाको संक्रमण भएको पाईयो। उक्त संख्यालाई तलको तालिकामा प्रतिशतमा प्रस्तुत गरिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ५ वडाको शैक्षिक अवस्था

## ५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

यस वडामा लेखपढ गर्न सक्ने महिला अर्थात साक्षर महिला ८५.९७ प्रतिशत छन् भने १४.०३ प्रतिशत महिला अहिले पनि असाक्षर छन्। बालबालिकाको साक्षरता अवस्था महिलाको भन्दा राम्रो अवस्थामा छ। बालबालिकाको साक्षरता प्रतिशत ९९.३३ प्रतिशत रहेको छ। बालिकाको साक्षरता बालकको भन्दा बढि रहेको छ। बालबालिकाको साक्षरता प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

वडामा करिव १ प्रतिशत बालबालिका निरक्षर रहेको देखिन्छ।

## ५.२ शैक्षिक संस्थाहरुको विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | ठेगाना |
|---|---|---|---|
| सामुदायिक | चन्द्रोदय मा. वि. | (१-१२) | हे.न.पा. – ८ |
| सामुदायिक | हिमगंगा आधारभूत विद्यालय | (१-५) | हे.न.पा. – ८ |
| संस्थागत | कमाने एकेडेमी | (१-१०) | हे.न.पा. – ८ |
| संस्थागत | माउन्ट एभरेष्ट | (१-१०) | हे.न.पा. – ८ |
| संस्थागत | पशुपति विद्या सदन | (१-५) | हे.न.पा. – ८ |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.३ छात्रछात्राको विवरण

यस वडामा रहेको एक सामुदायिक र एक संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा |
| सामुदायिक | चन्द्रोदय मा. वि. | (१-१२) | ४६० | ४०८ | ८६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| सामुदायिक | हिमगंगा आधारभूत विद्यालय | (१-५) | ७० | ६० | १३० |
| संस्थागत | कमाने एकेडेमी | (१-१०) | २२९ | ३०० | ५२९ |
| संस्थागत | माउन्ट एभरेष्ट | (१-१०) | २६७ | ३३१ | ५९८ |
| संस्थागत | पशुपति विद्या सदन | (१-५) | २८ | ३८ | ६६ |
| | **जम्मा** | | **१,०५४** | **१,१३७** | **२,१९१** |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

माथिको तालिका अनुसार जम्मा विद्यार्थी संख्या २,१९१ (सामुदायिक – ९९८ र संस्थागत – १,१९३) रहेको छ र विद्यालयमा बालक भन्दा बालिकाको उपस्थिति अलिकति धैरै देखिन्छ। संस्थागत विद्यालयमा भन्दा धैरै विद्यार्थी सामुदायिक विद्यालयमा छन्।

संस्थागत विद्यालयमा सामुदायिक विद्यालयको भन्दा बढि अनुपातमा बालकहरुको उपश्थिति देखिन्छ। छोराहरुलाई अग्रेजी माध्यमको विद्यालयमा पढाउने प्रवृत्ति रहेको देखिन्छ। समग्रमा विद्यालयहरुको अवस्था राम्रो रहेको छ। माथिको तथ्याङ्कमा यस वडा भन्दा बाहिरबाट आएका विद्यार्थीहरु समावेश भएको देखिन्छ।


यस वडाका विद्यालयमा अध्ययनरत बालबालिकाको संख्या जम्मा २,५८५ रहेका छन् जसमध्ये १,३२४ बालक र १,२५९ बालिका रहेका छन् अर्थात बालिका भन्दा बालकको संख्या अधिक छ। विभिन्न कक्षा समूहमा अध्ययनरत बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

| कक्षा | बालिका | बालक | यौनिक तथा अल्पसंख्यक |
|---|---|---|---|
| ० देखि ५ कक्षा | ६६१ | ७८६ | २ |
| ६ देखि ८ कक्षा | २७८ | २५४ | ० |
| ९ देखि १० कक्षा | १९२ | १६७ | ० |
| ११ देखि १२ कक्षा | १२८ | ११७ | ० |
| **जम्मा:** | **१,२५९** | **१,३२४** | **२** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकाको विश्लेषण गर्दा सबैभन्दा धैरै बालबालिका पूर्व प्राथमिक र प्राथमिक तह (५ सम्म) मा अध्ययनरत छन् भने उच्च मध्यामिक तह अर्थात ११ देखी १२ कक्षामा सबैभन्दा कम अध्ययनरत छन् त्यस्तैगरी निमावि (६ देखी ८) आधारभूत र मध्यामिक कक्षामा क्रमशः ५३२ र ३५९ जना बालबालिका अध्ययनरत छन्। माथिको विवरणमा सानो कक्षाहरुमा भए जति बालबालिका माथिल्लो कक्षाहरुमा देखिएन अर्थात त्यो संख्या कम हुदै गएको देखिन्छ। यसका धैरै कारणहरु हुन सक्दछन्।

कूल विद्यार्थीलाई आधारमा मान्दा पूर्व प्राथमिक र प्राथमिक तह (५ सम्म) मा अध्ययनरत विद्यार्थी ५६ प्रतिशत छन् भने उच्च मध्यामिक तहमा अध्ययनरत विद्यार्थी ९.५ प्रतिशत छन्। अध्ययनरत विद्यार्थीहरुको कक्षा समूहगत प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

त्यस्तैगरी आधारभूत (निमावि) र मध्यामिक कक्षामा क्रमशः २०.६ र १३.९ प्रतिशत बालबालिका अध्ययनरत छन्।

५-१४ वर्ष उमेरका बालबालिकाहरुको शैक्षिक अवस्था निम्नानुसार रहेको छः


| ५ देखि १४ वर्ष उमेरका बालबालिका | | | आधारभूत १-८ कक्षा सम्मको शिक्षा पूरा गरेका बालबालिका | | |
|---|---|---|---|---|---|
| **बालिका** | **बालक** | **जम्मा** | **बालिका** | **बालक** | **जम्मा** |
| ७७१ | ६७४ | १४४५ | ५६७ | ४६० | १०२७ |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

माथिको विवरण अनुसार कूल ५-१४ वर्ष उमेरका १,४४५ बालबालिकाहरु मध्ये ७१.०७ प्रतिशत बालबालिकाले मात्र आधारभूत शिक्षा पूरा गरेका छन्।

## ५.४ विद्यालय पुग्न लाग्ने समय

घरबाट विद्यालय पुग्न लाग्ने समयलाई विश्लेषण गर्दा धैरै जसो घरपरिवारलाई बढिमा ३० मिनेट समय लाग्ने गरेको पाईयो अर्थात करिव ९० प्रतिशत घरपरिवारको ३० मिनेटको दुरीमा विद्यालय रहेको देखिन्छ। विद्यालय पुग्न लाग्ने समयलाई तलको रोटी चित्रमा प्रस्तुत गरिएको छः




माथिको रोटी चित्रले दर्शाए अनुसार यस वडामा १०.१६ प्रतिशत घरपरिवारलाई विद्यालय पुग्न ३० देखि १ घण्टा सम्म लाग्ने गरेको पाईयो भने २.२५ प्रतिशत घरपरिवारलाई १ घण्टा भन्दा बढि समय लाग्ने गरेको पाईयो।

## ५.५ विद्यालयमा खानेपानीको सुविधा

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा खानेपानीको सुविधा उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | खानेपानी सुविधा |
|---|---|---|---|
| सामुदायिक | चन्द्रोदय मा. वि. | (१-१२) | भएको |
| सामुदायिक | हिमगंगा आधारभूत विद्यालय | (१-५) | भएको |
| संस्थागत | कमाने एकेडेमी | (१-१०) | भएको |
| संस्थागत | माउन्ट एभरेष्ट | (१-१०) | भएको |
| संस्थागत | पशुपति विद्या सदन | (१-५) | भएको |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | शौचालय |
|---|---|---|---|
| सामुदायिक | चन्द्रोदय मा. वि. | (१-१२) | भएको |
| सामुदायिक | हिमगंगा आधारभूत विद्यालय | (१-५) | भएको |
| संस्थागत | कमाने एकेडेमी | (१-१०) | भएको |

| | | | |
|---|---|---|---|
| संस्थागत | माउन्ट एभरेष्ट | (१-१०) | भएको |
| संस्थागत | पशुपति विद्या सदन | (१-५) | भएको |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

शौचालय भएता पनि करिव १ प्रतिशत विद्यार्थीहरुले शौचालय व्यवस्थित हुन नसकेको र बालमैत्री पनि नभएको बताएका छन्। त्यस्तैगरी छुट्टै शौचालयको व्यवस्थाबारे १ प्रतिशतले छुट्टै शौचालयको व्यवस्था नभएको बताएका छन्।

## ५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा तथा फर्निचर र खेल मैदान सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | आवश्यकिय सुविधा | |
|---|---|---|---|---|
| | | | खेल मैदान | कक्षा कोठा र फर्निचर |
| सामुदायिक | चन्द्रोदय मा. वि. | (१-१२) | छ | छ |
| सामुदायिक | हिमगंगा आधारभूत विद्यालय | (१-५) | छ | छ |
| संस्थागत | कमाने एकेडेमी | (१-१०) | छ | छ |
| संस्थागत | माउन्ट एभरेष्ट | (१-१०) | छ | छ |
| संस्थागत | पशुपति विद्या सदन | (१-५) | छ | छ |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.८ विद्यालय भर्ना नभएका बालबालिकाको विवरण

विद्यालय भर्ना नभएका बालबालिका जम्मा ६ जना रहेका छन् जस्को लैंङ्गिकता र उमेर निम्नानुसार रहेका छन्:


| लिङ्ग | ५ देखि ९ वर्ष | १० देखि १४ वर्ष | १५ देखि १८ वर्ष |
|---|---|---|---|
| बालिका | ० | ० | १ |
| बालक | ० | २ | ३ |
| यौनिक तथा अल्पसंख्यक | ० | ० | ० |
| **जम्मा** | **०** | **२** | **४** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

१५-१८ वर्षका बालकहरु बालिकाको तुलनामा विद्यालय भर्ना नभएको पाईयो।

## ५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण

बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि यस नगरपालिकाको सम्बन्धित शाखाले लिएको घरधुरी सर्भेक्षणबाट प्राप्त विवरण अनुसार यस वडामा जम्मा १६ जना (११ बालक र ५ बालिका) विद्यालय छाडेका बालबालिका रहेका छन् जस्मा बालकको संख्या धेरै रहेको छ। विद्यालय छोड्नु पर्ने कारणहरु तलको तालिकामा प्रस्तुत गरिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

विद्यालय छोड्नुको कारणहरु विश्लेषण गर्दा सबैभन्दा धैरे माथि उल्लेखित बाहेकका कारणहरु देखिएका छन् (५८%) र दोस्रोमा पारिवारिक समस्या जस्तै झगडा (२१%) देखिएको छ भने विद्यालयको वातावरण (बालमैत्री नभएको) र बालश्रम बारबार कारणको रुपमा (११%) रहेको पाईएको छ।

## ५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा जाने (३ देखि ५ वर्ष सम्मका) बालबालिकाको संख्या २१० रहेको छ। जस्मा बालकको संख्या १०९ र बालिकाको संख्या १०१ रहेको छ। उक्त संख्यालाई प्रतिशतमा निम्नानुसार उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

वडाको उक्त उमेर समूहका जम्मा बालबालिका र बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा गईरहेका बालबालिकाको तुलनात्मक अवस्था तलको तालिकामा उल्लेख गरिएको छः

| क्र.सं. | ३-५ वर्ष उमेरका | वडाको | बाल बिकास केन्द्र वा पूर्व | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|

| | **बालबालिका** | **संख्या** | **प्राथमिक विद्यालय जाने** | | |
|---|---|---|---|---|---|
| **१** | बालिका संख्या | २२३ | बालिका संख्या | १०१ | ४५.२९ |
| **२** | बालक संख्या | २७० | बालक संख्या | १०९ | ४०.३७ |
| | **जम्मा:** | **४९३** | **जम्माः** | **२१०** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा ४२.५९ प्रतिशत बालबालिकाहरु बाल विकास केन्द्र/पूर्व प्राथमिक विद्यालयमा गईरहेका छन्।

# खण्ड ६ वडामा बाल संरक्षण

## ६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण

यस वडामा द्धन्द्ध पिडित बालबालिका भएको पाईएन। तर बाल संरक्षणको जोखिममा परेका बालबालिका भएको पाईयो। महामारीले ९६.२ प्रतिशत वडाको घरपरिवार प्रभावित भएको हुँदा ती परिवारका बालबालिका जोखिम परेको देखिन्छ। यस वडामा १६ प्रतिशत घरपरिवारको ज्याला मजदुरी पेशामा निर्भर रहेका छन् र ज्याला मजदुरी आफैमा न्यून आय हो र महामारीको मारमा उनीहरुको पेशा परेको कारण ज्याला मजदुरी गर्न नसकिने अवस्था श्रृजना हुन गई उनीहरुको बालबालिकाहरु जोखिममा छन्।

जीविकोपार्जनको आधारमा जोखिम मापन गर्दा यस वडामा ६ महिना भन्दा कम अवधिको लागि मात्र जीविकोपार्जन धान्न सक्ने परिवार ०.४% रहेका छन् अर्थात उनीहरुको परिवारमा रहेका बालबालिकाहरु जोखिममा बाँच्नु परेको अवस्था छ।

## ६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण


विस्थापित भएका बालबालिका यस वडामा रहेको पाईएन।

## ६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण

बालबालिकाले परिवारमा कमजोरी गरेमा घरपरिवारले गर्ने व्यवहारको विश्लेषण गर्दा बहुसंख्यक ५०.१६ प्रतिशत घरपरिवारले सम्झाउने गरेको पाईयो भने ३३.५८ प्रतिशत घरपरिवारले गालि गर्ने र १६.१३ प्रतिशतले कुटपिट जस्तो कठोर कार्य गर्ने गरेको पाईयो। त्यस्तैगरी १ प्रतिशत भन्दा कम घरपरिवारले खानामा बन्देज, हेप्ने/निन्दा गर्ने/मनोवैज्ञानिक तनाब दिने र कोठामा थुन्ने जस्ता कठोर सजाय दिने गरेको पाईयो। ४ (अर्थात ०.११ प्रतिशत) घरपरिवारले खानामा बन्देज गर्ने, ३ (०.०८ प्रतिशत) घरपरिवारले हेप्ने/निन्दा गर्ने/मनोवैज्ञानिक तनाब दिने तथा १ (०.०३ प्रतिशत) घरपरिवारले कोठामा थुन्ने जस्ता कठोर सजाय समेत दिने गरेको पाईयो। प्रायःजसो घरपरिवारले कुनै न कुनै प्रकारको नकरात्मक व्यवहार गर्ने गरेको देखिन्छ।

घरपरिवारमा आफ्नो छोराछोरी विच भेदभाव गरेको छ कि भनेर हेर्दा भेदभाव गर्ने घरपरिवार १ प्रतिशत भन्दा न्यून भएको पाईयो। ती थोरै संख्यमा भए पनि उनीहरुले गर्ने भेदभाव शिक्षामा, खानपिनमा, घरेलु काममा र पोशाकमा आफ्नो छोराछोरी विच भेदभाव गर्ने गरेको पाईयो।


त्यस्तै गरी बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुको बारेमा विश्लेषण गर्दा सबैभन्दा धेरै सम्झाई बुझाई गर्ने र सबैभन्दा कम कक्षा कोठाबाट निष्काशन गर्ने जस्ता सजायहरु विद्यालयले दिने गरेको पाईयो। ६० प्रतिशत बालबालिकाहरुलाई सम्झाई बुझाई गरिन्छ र ३८ प्रतिशत बालबालिकाहरुले गाली जस्ता सजाय पाउने गरेको पाईयो। बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुका किसिम र प्रतिशत तल प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

त्यस्तैगरी यस वडाका विद्यालयमा १.१६ प्रतिशत विद्यार्थीमाथि कुटपिट गरिने गरेको पाईयो। करिव १ प्रतिशतको हाराहारीमा कान समातेर उठबस, बेन्चमा उभ्याउने, शौचालयमा थुन्ने र कक्षाकोठाबाट निष्कासन गर्ने जस्ता कठोर सजाय पनि दिने गरेको पाईयो।

विगत एक वर्षमा महिला तथा बालबालिका माथि घरपरिवारमा कुनै हिँसाको वा सामाजिक कुरीति सम्बन्धि घटना घटेको छ भन्नेबारे विश्लेषण गर्दा यस वडाका ६४ वटा परिवारमा त्यस्तो प्रकारको ६० वटा घटनाहरु घटेको पाईयो र ती घटनाहरु तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

घरेलु हिंसाका घटनाहरु ५६.६७ प्रतिशत (३४ वटा), बहुबिवाहको घटना ३८.३३ प्रतिशत (२३ वटा), छुवाछुतको घटना १३.३३ प्रतिशत (८ वटा) र बालबिवाहको घटना ३.३३ प्रतिशत (२ वटा) घटेको पाईयो। बलात्कार जस्तो जघन्य प्रकृतिको घटना पनि १.६७ प्रतिशत (१ वटा) घटेको पाईयो। महिला-बालबालिकाको बेचबिखनको घटना र दाइजो सम्बन्धि घटना नघटेको पाईयो। माथि उल्लेखित हिँसाका बहुसंख्यक घटनाहरु सामाजिक कुरीतिसंग सम्बन्धित रहेको पाईयो।

### ६.४ बालश्रमिक सम्बन्धी विवरण

यस ८ नम्बर वडामा जम्मा २ परिवारको २ जना बालिका बालश्रमिकको रुपमा रहेको पाईयो। नीज बालिकहरुको उमेर १६-१८ उमेर समूहका भएको र एक जना होटल/पसल र अर्को १ जना व्यक्तिको घरमा कार्यरत रहेको पाईयो। उनीहरुको कार्य समय ६ देखी १० घण्टा रहेको देखिन्छ। उनीहरु विगत १ वर्ष देखि कार्यरत रहेका थिए। उनीहरु तलब नगदमा लिन्छन्। एक जनाको अभिभावकसंग वर्षमा १२ पटक भन्दा धैरै भेटघाट गर्न पाउने रहेछ तर अर्को बालिकाको भने भेटघाट गर्न नपाउने रहेछ। उनीहरु दुबै जना विद्यालय शिक्षामा नभएको पाईयो। बाल श्रमिकको रुपमा कार्य गर्दा उनीहरुले गाली-गलौज र समयमा तलब नदिने समस्या धैरै झेल्नु परेको पाईयो।

### ६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण

बालबालिका भएको घरपरिवारहरु मध्ये १ प्रतिशत भन्दा कम (०.२९%) घरपरिवारले बाल यौन शोषण छ भनेको पाईयो भने ९७.६८ प्रतिशत घरपरिवारले बाल यौन शोषण भएको छैन भनेको पाईयो। यस वडामा बलात्कारको घटना १.६७ प्रतिशत (१ वटा) भएको पाईयो। २.०४ प्रतिशतले शोषण भएको या नभएको थाहा छैन भनेको पाईयो। बाल यौन शोषण भएको या नभएको थाहा छैन भन्ने घरपरिवारले बाल यौन शोषण भित्र कस्ता कस्ता हिँसाका कुराहरु पर्दछन् भन्ने नजानेका हुन सक्दछन्।

### ६.६ सडक बालबालिकाको विवरण

यस वडामा सडक बालबालिका भएको पाईएन्।

### ६.७ कुलतमा लागेका बालबालिकाको विवरण

यस वडामा १० जना बालकहरु कुलतमा लागेको पाईयो भने बालिकाको कुलतमा संलग्नता भएको पाईएन।

### ६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

यस वडामा HIV Positive आमा/बुवाबाट जन्मेका बालबालिका भएको पाईएन। मुटु रोग, मृगौला सम्बन्धि रोग र ब्रेन ट्युमर जस्ता दिर्घ रोगबाट ग्रसित भई मृत्यु हुने बालबालिकाको संख्या ५ रहेको छ। त्यस्तैगरी बितेका १ वर्षभित्र यस वडाका ९ जना ५ वर्षमुनिका बालबालिका (२ बालिका र ७ बालक) को मृत्यु हुन पुगेको छ।

### ६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

ज्याला मजदुरी गर्ने परिवारको संख्या र वर्षभरी धान्न सक्ने जीविकोपार्जनको अवस्थालाई हेर्दा यस वडामा खाद्यान्न संकटमा परेका परिवार रहेको देखिन्छ। ज्याला मजदुरीलाई पेशाको रुपमा लिएको परिवार १६ प्रतिशत छन् र यो परिवार खाद्यान्न संकटमा रहेको देखिन्छ। त्यस्तैगरी ३ महिना भन्दा कमका लागि खान पुग्ने अवस्थामा छन् ०.२% र ६ महिना भन्दा कम अवधिको लागि खान पुग्ने अवस्थामा ०.२% परिवार छन् र ती परिवारको वर्षभरीको जीविकोपार्जन धान्न मुस्किल छ। उक्त परिवारमा रहेका बालबालिकाको खाद्यान्न संकटको विस्तृत खोज विवरण वडा कार्यलयले संकलन गरेर घटना व्यवस्थापन गर्न आवश्यक छ।

### ६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण

यस वडामा जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिका भएको पाईएन।

### ६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

यस वडामा ११ देखि १५ र १६ देखि १८ उमेर समूहका गरी ७ जना बालबालिकाहरु संस्थागत हेरचाहमा रहेको पाईयो। उनीहरु यस जिल्ला भन्दा बाहिरका बालगृह र होस्टलमा बसेको पाईयो। विगत ६ वर्ष देखि र १० वर्ष देखि बस्दै आएकाहरु क्रमशः ४ र ३ जना रहेका छन्। बौद्ध धर्म पढ्न, विद्यालय पढाईको लागि र पारिवारीक आर्थिक अवस्थाको कारण संस्थागत हेरचाहमा रहनु परेको पाईयो।

# खण्ड ७ वडाको आर्थिक विकास

## ७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण

यस वडाका परिवारहरुको मुख्य पेशालाई विश्लेषण गर्दा सेवा-नोकरीलाई मुख्य पेशा बनाउने परिवार सबैभन्दा धेरै रहेका छन् अर्थात ३५% परिवार सेवा-नोकरीमा संलग्न छन् भने २३% व्यापार-व्यवसायमा संलग्न छन्। परिवारको पेशाको अवस्था अर्थात संख्या र प्रतिशत निम्नानुसार छन्:


| क्र.सं. | परिवारको मुख्य पेशा/रोजगारी | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | कृषि-पशुपालन-फलफुल खेति | ७% | १६३ |
| २ | ब्यापार-व्यवसाय | २३% | ५६५ |
| ३ | सेवा-नोकरी | ३५% | ८५५ |
| ४ | ज्याला मजदुरी | १६% | ४०२ |
| ५ | विप्रेषण (विदेशबाट पठाएको रकम) | १४% | ३४३ |
| ६ | अन्य | ५% | १२४ |
| | जम्मा : | १००% | २४५२ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा ज्याला मजदुरी गर्नेहरु १६% छन् भने वैदेशिक रोजगारमा रहेकाहरु १४% छन्। त्यस्तैगरी कृषि-पशुपालन-फलफुल खेति पेशा अगाल्नेहरु ७% रहेका छन्।

## ७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण


वर्षभरीको जीविकोपार्जनमा परिवारको आफ्नो उत्पादन/आम्दानीले धान्न सक्ने अवस्थाको विश्लेषण गर्दा कूल परिवार मध्ये यस वडाको ६४.४ प्रतिशत परिवारहरु आफ्नो आम्दानीले वर्षभरी खान पुग्ने र बचत पनि गर्न सक्ने अवस्थामा छन् र १० देखी १२ महिना सम्म खान पुग्ने परिवार ३३.४% छन् भने साह्रै कमजोर परिवार पनि रहेको पाईयो जो ३ महिना भन्दा कमका लागि खान पुग्ने अवस्थामा छन् (०.२%)। ७ देखि ९ महिना सम्मको लागि खान पुग्ने परिवार १.८% छन् र ३ देखि ६ महिना सम्मकोलागि खान पुग्ने अवस्थामा ०.२% परिवार छन्। आम्दानीले जीविकोपार्जन धान्न सक्ने अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण

यस वडाका १६ देखी ४० वर्षका १७६० युवाहरु विभिन्न पेशा/रोजगारीमा आवद्ध रहेका छन्। कृषिमा १२३ जना, व्यापार व्यवसायमा ४७६, जागिरमा ८१३ जना र ज्याला मजदुरीमा ३४८ आवद्ध छन्। सबैभन्दा बढि युवाहरु जागिरमा छन् र सबैभन्दा कम कृषिमा छन्। तर उद्योग क्षेत्रमा यस वडामा कुनै पनि युवा संलग्न भएको पाईएन्। संलग्न भएका युवाहरुको विवरण प्रतिशतमा निम्नानुसार रहेको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जागिरमा ४६.१९ प्रतिशत युवाहरु संलग्न छन् भने कृषिमा ६.९९ प्रतिशत छन्।

(नोटः माथि उल्लेखित तथ्याङ्क बालबालिका भएका परिवारका युवा रोजगारीको मात्र हो)

## ७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण

वडाका घरपरिवारबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ७१० रहेको छ। ती वैदेशिक रोजगारमा गएका व्यक्तिहरु मध्ये २५.२ प्रतिशत महिला छन्। वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु विगत लामो समय देखी गएको देखिन्छ। ५ वर्ष भन्दा कम र सो भन्दा बढि वर्ष गरेर दुई भागमा छुट्ट्याएर हेर्दा ५ वर्ष भन्दा कम समय वैदेशिक रोजगार रहेका व्यक्ति ५०.७ प्रतिशत छन् र उक्त विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | परिवारको सदस्यहरु वैदेशिक रोजगारीमा गएको अवधि | प्रतिशत |
|---|---|---|
| १ | ५ वर्ष भन्दा कम | ५०.७% |
| २ | ५ वर्ष भन्दा बढि | ४९.३% |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ८ वडाको प्रकोप अवस्था

## ८.१ प्रकोपको विवरण

बालबालिका भएको परिवारहरु मध्ये यस वडामा प्रकोपको कारणले प्रभावित ५८७ परिवार रहेका छन्। महामारी, अतिवृष्टि, असिना, पहिरो र आगलागी जस्ता प्रकोपबाट वडाबासी प्रभावित भएको पाईएको छ। महामारीबाट सबैभन्दा धैरै (९६.२ प्रतिशत) प्रभावित भएको देखिएको छ।

बालबालिका अध्ययन गर्ने विद्यालयमा प्रकोप जोखिमको अवस्था शुन्य रहेको पाईएको छ अर्थात जोखिम भएको पाईएन। बिद्यालय आउँदा जाँदा बालबालिकालाई हुन सक्ने जोखिमहरु भएको पाईएन।

## ८.२ प्रकोपबाट भएको क्षतिको विवरण

प्रकोपबाट भएको क्षति विवरण नभएको।

## ८.३ बाल अपराधको विवरण

बाल अपराध सम्बन्धि कुनै विवरण भएको पाईएन।